नेपाल धितोपत्र बोर्डबाट अनुमतिपत्र प्राप्त

# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०८०/८१
चलानी नं. : १८१२

मिति : २०८१/०१/२५

श्री सिटीजन्स लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड (CLI)
थापाथली, काठमाडौं ।

**विषय : सूचीकरण स्थगन गरीएको बारे ।**

उपरोक्त सम्बन्धमा त्यस कम्पनीको मिति २०८१/०१/२३ गतेको प्राप्त पत्रमार्फत नेप्सेमा लाभांश घोषणा सम्बन्धी जानकारी गराएको र तत्तपश्चात सो कम्पनीले मिति २०८१/०१/२५ गते बिहान ८:०० बजे सञ्चालक समितिको बैठक बसी सो घोषित लाभाशं रद्द गर्ने निर्णय भएको जानकारी नेप्सेमा प्राप्त भयो । धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम १६(१)(ग) मा भएको व्यवस्था बमोजिम नेप्सेलाई गलत सूचना दिएमा वा पटक पटक सूचना परिवर्तन गरेमा नेप्सेले सूचीकृत संगठित संस्थाको सूचीकरण स्थगन गर्न सक्ने भन्ने व्यवस्था रहेको र सो कम्पनीले पटक पटक सूचना परिवर्तन गरेकोले उक्त विनियमावलीको विनियम १६(१) मा भएको व्यवस्था अनुरुप मिति २०८१/०१/२५ को निर्णयानुसार लगानीकर्ताको हित र धितोपत्र कारोबारलाई स्वच्छ राख्नको लागि त्यस कम्पनीको धितोपत्रको कारोबार स्थगन गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री नेपाल बीमा प्राधिकरण, कुपन्डोल, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।
श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।
श्री प्रणाली सञ्चालन शाखा, नेप्से ।
श्री सुपरिवेक्षण शाखा, नेप्से ।

सरिता पाण्डेय
सहायक प्रवन्धक
सूचीकरण शाखा

पो. ब. नं. १५५०, युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाण्डौ, नेपाल
(P. O. Box 1550, UNI Shantimarg, Bhadrakali, Kathmandu, Nepal)
Tel.: 5350755–59, 5350734–35 Fax: 5362538/Toll Free No. : 16600125025